# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश नं. २, नेपाल

च.नं. ५२

## खसीबाखा र गुदरी हाटबजार सेवा शुल्क संकलन ठेक्का सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वान सूचना ।

**दोश्रो पटक सूचना प्रकाशित मिति २०७७।०४।०६ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ को १ र २ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानिय पुर्वाधार सेवा र उपयोगमा आ.व. २०७७/०७८ को श्रावण २० गते देखि २०७८ अषाढ मसान्त सम्म बांकी अवधीका लागि तपसिल वमोजिम सेवा शुल्क संकलन गर्न किस्तावन्दीमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहय वमोजिमको शर्तहरुको अधिनमारहि रितपुर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

तपसिल :-

| सि.नं. | ठेक्काको विवरण | न्यूनत्तम अंक रु. (दुर्गा पुजा चन्दा वाहेक) | दरभाउपत्र फारम दस्तुर रकम रु. |
|---|---|---|---|
| १ | खसी वाखा हाट वजार सेवा शुल्क ठेक्का लहान, ५ | १५,००,५५१।- | १०००।- |
| २ | गुदरीहाट बजार सेवा शुल्क वडा नं.१ देखि १० वडा सम्म | १९,००,५५१।- | १०००।- |
| ३ | गुदरीहाट बजार सेवा शुल्क वथनाहा चौक लहान वडा नं. २३ | ३०,०००।- | १०००।- |
| ४ | गुदरीहाट बजार सेवा शुल्क सोन्मति मझौरा चौक लहान वडा नं.१९ | १०,०००।- | १०००।- |
| ५ | गुदरीहाट बजार सेवा शुल्क भोटिया टोल चौक लहान वडा नं.१२ | १,५०,०००।- | १०००।- |
| ६ | गुदरीहाट बजार सेवा शुल्क गोविन्दपुर तरेगना लहान वडा नं.१६ र १७ | २५,०००।- | १०००।- |
| ७ | गुदरीहाट बजार सेवा शुल्क गोविन्दपुर मानिक दह लहान वडा नं.२४ | ५०,०००।- | १०००।- |
| ९ | गुदरीहाट बजार सेवा शुल्क वस्तीपुर लहान १३ शिव चौक | ५,१००।- | १०००।- |
| ९ | गुदरीहाट बजार सेवा शुल्क ढोढना लहान १५ | २५,०००।- | १०००।- |
| १० | गुदरीहाट बजार सेवा शुल्क मोतिपुर लहान २१ | २५,०००।- | १०००।- |

शर्तहरु:

१. शिलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७७/०७८ का लागि नविकरण भएको इजाजतपत्र, मुल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औ दिन अर्थात् मिति २०७७/०४/१२ गते सम्म कार्यालय समयभित्र उल्लेखित दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १३ (तेहौं) दिन अर्थात् २०७७/०४/१३ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा वाधा पर्नेछैन ।

३. दरभाउपत्र फारम खरिद दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. शिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा ७५ दिन म्याद भएका) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्वेवार हुनेछैन, साथै त्यस्तो दरभाउपत्रहरु अमान्य हुनेछ ।

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का अंकको अत्तिरिक्त न.पा. द्धारा संचालित दुर्गा पुजाको लागि १.५% रकम ठेक्क अंकमा जोडी कायम भएको रकम दुई किस्ता गरी पहलिो किस्ता चलन पूर्जी लिनु अगावै दोस्रो किस्ता २०७७ फाल्गुन मसान्त सम्म बुझाउनु पर्ने छ । साथै किस्ता बन्दी गर्दा बांकी ठेक रकम बराबर यस कार्यालयका नांउमा मान्यता प्राप्त वाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा १२ महिना म्याद भएको जमानि पत्र सक्कल प्रति चलन पुर्जि लिनु अगावै फर्मले पेश गर्नु पर्ने छ र व्यक्तिको हकमा जग्गा जमानि पेस गर्नु पर्ने छ ।

७. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ढेक अंक मानिनेछ ।

८. शिलबन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

९. सेवा शुल्क संकल्न गर्दा शुल्क दातालाई दिने रसिद नगरकार्यपालिकाको कार्यलय, लहानले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फबाट छपाई कार्यालय प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईनेछ र दोहरो सेवा शुल्क लिन पाईने छैन । साथै प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएमा नगरपालिकाद्धारा कानुनी कार्यवाही गरिनेछ ।

१०. दरबन्दी भन्दा वढी सेवा शुल्क रकम उठाएमा वा नगरपालिकाको अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

११. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. दरभाउपत्र सम्बन्धी केही थप कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयको आन्तरिक राजश्व उप शाखा मा सर्म्पक राखी बुझ्न सकिनेछ ।

०७७।०४।०२

प्रशासकिय अधिकृत